धनगढीमाई नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

धनगढी, सिरहा

प्रदेश नं २, नेपाल

## नदीजन्य पदार्थ संकलन तथा बिक्री वितरण गर्ने सम्बन्धी शिलवन्दी वोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति: २०७६।०५।११ गते

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ वमोजिम यस नगरपालिकाको क्षेत्राधिकार भित्र रहेका निम्न नदि/खोलाहरुको स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन अनुसार यस आ.व. को बाँकी अवधि (२०७७ जेष्ठ मसान्तसम्म) को लागि आउने परिमाणको ढुंगा, गिट्टी, वालुवा, ग्राभेल र माटोसमेतको विक्रीकर उठाउन नगरकार्यपालिकाको निर्णय भए अनुसार निम्न दररेट भन्दा कम नहुने गरी ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट आफ्नो नवीकरण भएको दर्ता प्रमाण पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र तथा २०७५।०७६ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपिहरु समेत राखी आफुले कबोल गरेको रकम अंक र अक्षरमा फरक नपर्ने गरी उल्लेख गरी शिलवन्दी वोलपत्र यस कार्यालयमा पेश गर्नु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| ठे.नं. | ठेक्काको किसिम | उठाउने पाउने परिमाण | बिक्री मूल्य दर रेट | न्यूनतम ठेक्का अंक ( वीर्षक) | वोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|
| आ.२०७६/०७७ -०१ | यस नगरपालिका क्षेत्र भित्र पर्ने सर्रे खोला को डावर असारे तथा सिमलटोकी क्षेत्रबाट माटो ढुंगा, गिट्टी, वालुवा र ग्राभेलको विक्री कर संकलन गर्ने। | (१७००००० घ. फिट) | रु. ३।०० प्रति घन फिट | रु. ३००००००।०० (तीस लाख मात्र) मू.अ.कर वाहेक | ३,०००।०० |
| | यस नगरपालिका क्षेत्र भित्र पर्ने गागन खोला को बिभिन्न क्षेत्रबाट माटो ढुंगा, गिट्टी, वालुवा र ग्राभेलको विक्री कर संकलन गर्ने। | (२२००००० घ. फिट) | रु. ३।०० प्रति घन फिट | रु. ३५०००००।०० (पैतीस लाख मात्र) मू.अ.कर वाहेक | ३,०००।०० |

- वोलपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन सम्म कार्यालय समय भित्र तोकिएको दस्तुर तिरी कार्यालयबाट खरिद गर्न सकिनेछ र खरिद भएका वोलपत्रहरु ३१ औं दिन दिनको १२:०० वजे सम्म कार्यालयमा दर्ता गर्न सक्नेछ।
- वोलपत्र फाराम खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा सो दिनको भोलिपल्ट कार्यालय खुलेको दिनमा क्रमश: अन्तिम दिन र सोही समयलाई मानिनेछ।
- प्राप्त हुन आएको वोलपत्रहरु ३१ औं दिन दिनको २:०० वजे यस कार्यालयमा प्रतिनिधिहरु र वोलपत्र दाताहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ। वोलपत्र खोल्ने समयमा वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि वोलपत्र खोल्ने काममा कुनै बाधा हुने छैन।
- बोलपत्र दाताले दर्ता गर्दा आफुले कवोल गरेको अंकको ५ प्रतिशतले हुन आउने रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक लहानमा रहेको धरौटी खाता नं. ग २२६०३०३००७१०२ मा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न गर्नु पर्नेछ।
- ठेक्का सम्झौता भई सकेपछि कुनै कारणवश नदीजन्य पदार्थ संकलन, बिक्री वितरण हुन नसकेमा नगरपालिकाको निर्णय बमोजिम हुनेछ।
- कबोल अंकको ५० प्रतिशत सम्झौता गर्दाका बखत र वाँकी रकमको वैंक ग्यारेन्टी वा धनजमानी राखी वैशाख १५ गते भित्र वाँकी सबै रकम बुझाउनु पर्ने छ। तर सम्झौताको समयमा ठेक्का अनुसारको सम्पुर्ण रकम एकमुष्ट वुझाएमा १० प्रतिशतसम्मको रकम छुट दिन सकिनेछ।
- नदी वा खोलामा उत्खन्न वा संकलन गर्न हेवी इक्युपमेन्टको प्रयोग गर्न पाईने छैन।
- ढुंगा, गिट्टी, वालुवा र ग्राभेल विक्री र निजी जग्गा तथा निकासीको हकमा नजिकमा पर्ने खोला, नाला, प्राकृतिक धारा किनारा, घाटपुल, पुलेसा, लोकमार्ग जस्ता सार्वजानिक स्थललाई क्षति नपुग्ने गरी पुलको ५०० मिटर उत्तर र दक्षिण छोडेर मात्र ढुंगा, गिट्टी, वालुवा र ग्राभेल उठाउन पाईनेछ। नगरपालिकाकाले नउठाउने भनि तय गरेको कुनै स्थानबाट उठाउन पाइने छैन।
- वन क्षेत्रबाट ढुंगा, गिट्टी, वालुवा र ग्राभेल उत्खन्न गर्न पाईने छैन।
- बोलपत्र स्वीकृत भएपछि सूचना पाएको वा पत्रपत्रिकामा सूचना प्रकाशन गरेको वा घरदैलोमा टाँस भएको मितिले ७ दिन भित्र सम्झौता गर्न नआएमा निजको धरौटी रकम जफत गरी नियमानुसार अन्य वोलपत्र स्वीकृती गर्ने वा पुन: बोलपत्र आह्वान गर्ने अधिकार कार्यालयमा निहित रहनेछ।
- ठेक्का स्वीकृत भए पश्चात कवोल रकमको नियमानुसार १३ प्रतिशत मू.अ.कर र नियमानुसार लाग्ने अन्य कर रकम ठेकेदारले आन्तरिक राजश्व कार्यालयमा दाखिला गनुपर्नेछ।
- नेपाल सरकार, सम्मानित अदालत, जिल्ला अनुगमन समिति तथा नगरपालिकाले समय-समयमा दिएका नीति निर्देशन तथा आदेशहरुको पालना ठेकेदारले गर्नु पर्नेछ।
- ठेक्का सम्बन्धमा कुनै किसिमको विवादको स्थिति श्रृजना भएमा वा कार्यालय र ठेकेदार बिच कुनै विवाद उत्पन्न भएमा नगरपालिकाले गरेको निर्णय अन्तिम हुनेछ।
- नगरपालिकालाई बक्यौता रकम बुझाउन बाँकी भएका व्यक्ति, फर्म वा कम्पनि र सो फर्म वा कम्पनिका ब्यक्ति वा प्रतिनिधिहरु संलग्न कुनै पनि फर्म वा कम्पनिलाई बक्यौता रकम नबुझाएसम्म वोलपत्र मूल्यांकनमा समावेश गरिनेछैन।
- बोलपत्रदाताले खामको बाहिर आफूले लिन चाहेको ठेक्काको नाम, बोलपत्रदाताको नाम र ठेगाना स्पष्टसँग उल्लेख गर्नु पर्नेछ।
- यस सूचनामा उल्लेख भएका कुराहरु यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानुन वमोजिम हुनेछ।
- ठेक्काका अन्य शर्तहरु यस कार्यालय मार्फत जानकारी हुने र वोलपत्र फाराम खरिद गर्दा उपलब्ध गराईने छ।
- ठेक्का स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार धनगढीमाई नगरपालिकामा निहित रहने छ। यस सम्बन्धमा नगरपालिकाले गरेको निर्णय अन्तिम हुनेछ।
- यस विषयमा थप जानकारी आवश्यक परेमा यस कार्यालयमा सम्पर्क राख्न हुन अनुरोध छ।